# गुलरिया नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ८, संख्याः ४ गुलरिया, श्रावण १ गते, २०८२ साल

## भाग - २

### गुलरिया नगरपालिका
### नगरकार्यपालिकाको कार्यालयको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिकाको १४औं नगरसभा बाट स्वीकृत गरि जारि गरिएको **कार्यविधि**/ नियामावलि/ निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्बत् २०८२ सालको कार्यविधि नं. ४**

**गुलरिया नगरपालिका बर्दियाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२**

आज्ञाले
ओमकार शाह
प्रमुख प्रशासकीय अधिकृत

# गुलरिया नगरपालिका बर्दियाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## (१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

## (२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्थाः

१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची—१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस गुलरिया नगरपालिको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा तपशील बमजिमको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

<u>तपशील</u>

| | |
|---|---|
| १. राजस्व शाखा प्रमुख | संयोजक |
| २. प्राविधिक शाखा प्रमुख | सदस्य |
| ३. शहरी विकास शाखा प्रमुख | सदस्य |
| ४. जिन्सी शाखा प्रमुख | (सदस्य सचिव) |

३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम नगरपालिकाको प्रमूख

गुलरिया राजपत्र २०८२

प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

## (३) इजाजतपत्रको अवधि र नवीकरणः

१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिनाभित्र प्रचलित कानून बमोजिम नेपाल सरकार, लुम्विनी प्रदेश र गुलरिया नगपालिकालाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित नेपाल सरकार/लुम्विनप्रदेश/गुलरिया नगपालिकामा कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित नगरपालिकाबाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजतपत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नुपर्नेछ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ।

## (४) इजाजतपत्रको खारेजीः

१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा ।

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा ।

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

३) दफा ३ को उपदफा (३) बमोजिमको म्याद भित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

## (५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्थाः

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनुपर्नेछ ।

## (६) इजाजतपत्रको नामसारी सम्बन्धी व्यवस्थाः

१) "घ" वर्गको निर्माण व्यावसायी इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले आफ्नो नामको ईजाजतपत्र अरु कुनै नेपाली नागरिकलाई बिक्री गरी नामसारी गरीदिन चाहेमा दिने लिने दुवैले संयुक्त निवेदन गुलरिया नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा दिनुपर्नेछ । नामसारी गरी लिने व्यक्तिले अनुसूची-५ मा उल्लेखित आवश्यक योग्यता पुरा गरेको हुनुपर्नेछ ।

२) "घ" बर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्राप्त गरेको व्यक्तिको मृत्य भएमा सो प्रमाणित गर्ने कागजपत्र सहित वा जिवित अवस्थामा पनि एकाघर सगोलका परिवारहरु मध्ये मन्जुरीनामाका आधारमा परिवारको कुनै एक सदस्यको नाममा नामसारी गरी पाउँन निवेदन दिनसक्ने छ । यस्तो निवेदकको हकमा अनुसूची-५ मा उल्लेखित प्रक्रिया पुरा गर्नुपर्ने छैन।

३) उपदफा १ र २ को प्रक्रिया पुरा गरी पेश हुन आएको "घ" बर्गको निर्माण व्यवसायी ईजाजत पत्रको अनुसूची २ मा उल्लेखित दस्तुर लिई दफा २ को उपदफा २ मा गठन भएको समितिले दा.खा/नामसारीको लागि निर्णय गरिदिनुपर्नेछ ।

## (७) ईजाजतपत्रको ठाउँसारी सम्बन्धी व्यवस्थाः

१) गुलरिया नगरपालिका भित्र स्थायी ठेगाना देखाई "घ" बर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्राप्त गरेको व्यक्तिले गुलरिया नगरपालिकाको जुनसुकै वडामा ठाउँसारी गरी जान आउन सक्नेछन ।

२) गुलरिया नगरपालिकामा स्थायी बसोबास भई यस नगरपालिका भन्दा बाहिरका नगरपालिका/गाउँपालिका वा जिल्लाबाट "घ" बर्गको ईजाजत पत्र प्राप्त गरेको निर्माण व्यवसायी यस गुलरिया नगरपालिकामा ठाउँसारी गरी आउन चाहेमा आउन सक्नेछन् । तर यस गुलरिया नगरपालिकामा स्थायी बसोबास भई ईजाजत पत्र प्राप्त गरेको"घ" बर्गको निर्माण व्यवसायीहरु अन्य गाउँपालिका/नगरपालिका वा जिल्लामा ठाउँसारी गरी जाने अनुमति पाउने छैनन् तर अन्य गाउँपालिका/नगरपालिका वा जिल्लामा स्थायी रुपमा बसाई सराई गरी गएमा सो को प्रमाण सहित निवेदन पेश गरी ठाउँसारी गरी जान चाहेमा जान पाउनेछन् ।

३) उपदफा १ र २ को प्रक्रिया पुरा गरी नगरपालिकामा निवेदन दर्ता हुन आएको "घ" बर्गको निर्माण व्यवसायी ईजाजतपत्रको ठाउँसारी सम्बन्धमा अनुसूची २ मा तोकिएको दस्तुर लिई दफा २ को उपदफा २ बमोजिम गठन भएको समितिले ठाउँसारीको लागि निर्णय गरिदिनुपर्नेछ ।

## (८) प्रचलित कानून बमोजिम हुनेः

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## (९) बचाउः

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

गुलरिया राजपत्र २०८२

अनुसुची - १

कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

दरखास्त वालाको फोटो

विषय : इजाजतपत्र पाउ भन्ने बारे ।

श्री ............................म.न.पा/.नपा/गा.पा को कार्यालय
................

यस .....................................कार्यालयको कार्यविधि .........वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

| | | | |
|---|---|---|---|
| ☐ | प्राईभेट लिमिटेड कम्पनी | ☐ | पब्लिक लिमिटेड कम्पनी |
| ☐ | एकलौटी | ☐ | साझेदारी |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-

ठेगाना :- पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- दर्ता मिति :-

अधिकृत पूजी :- जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

.(ग) अन्य :-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

| | |
|---|---|
| | |
| | |
| | |

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

# अनुसूची-२

## कार्यविधिको दफा २  को उपदफा (४) र दफा ३, ६ र ७ को उपदफा (३) संग सम्बन्धित

| क्र. सं. | निर्माण व्यवसायीको बर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर | ईजाजपत्र नामसारी दस्तुर | ईजाजतपत्र ठाउँसारी दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | "घ" | रु. ५,००० | रु. ३,००० | रु. ३,००० | रु. १,५०० | रु. ३,००० | रु. १,५०० |

**ईजाजतपत्र नविकरण सम्वन्धी थप ब्यवस्था**

१) नविकरण अवधी सकिएको पुस मसान्त पछी असार मसान्तसम्म  जरिवाना थप रु ५,००० लिइ जम्मा जरिवाना रु ८,००० र नविकरण शुल्क रु ३,००० गरि जरिवाना सहित नविकरण शुल्क जम्मा रु ११,००० लिइ नविकरण गर्ने ।

२) ईजाजतपत्र मान्य अवधी सकिएको र निर्धारित समय तथा दफा(१) अनुसार नविकरण नभएको हकमा ईजाजतपत्र मान्य अवधी सकिएका २ वर्ष सम्म त्यस्ता फर्महरुलाई कार्यपालिकाबाट अनुमोदन गराई जरिवाना रु १५,०००। लिइ नविकरण गर्ने।

३) दफा (२) अनुसार पनि नविकरण नभएको हकमा अनुसुची ५ प्रकृया पुरा गरी कार्यपालिकाबाट अनुमोदन गराई जरिवाना रु २५,००० लिइ नविकरण गर्ने।

**द्रष्टब्यः** "घ" बर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउँदा ईजाजतपत्र नवीकरण दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

गुल्मी गजेट २०८२

अनुसुची - ३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

## इजाजतपत्र

ईजाजतपत्र नं.....................                                                  मिति :- ....................

`................म.न.पा/न.पा/गाउपालिका

`..............कार्यपालिकाको कार्यालय

................................

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०....... को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न .............स्थित कार्यालय भएको ....................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेको,-
दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालय :-

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

**नविकरण :**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची -४

निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासवुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय: | क) Variation पछिको ContractAmount | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ......................... | ......................... | | | ......................... | ......................... | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | ख)सम्पन्न मिति : | ख)सम्पन्न मिति : | |
| | | | | | .................. | .................. | ......................... | ......................... | ......................... | ......................... | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न % | | |
| | | | | | .................... | .................... | .................. | .................. | .................. | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | .................... | .................... | .................... | ................ | ................ | |
| | | | | | | | घ)निर्णय मिति: | घ)छाप | पद : | पद : | |
| | | | | | | | | | .................. | .................. | |
| | | | | | | | छाप | .................... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | .................... | | .................... | .................... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | .................... | .................... | |

## अनुसुची-५

### "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१) आर्थिक क्षमताः प्राईभेट वा पब्लिक लिमिटेड कम्पनीवा साझेदारी फर्मको रुपमा घटीमा पाँचलाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२) मुख्य जनशक्ति विवरणः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्ने छ । तोकिएको जनशक्ति सरकारी सेवामा नरहेको हुनुपर्ने र निर्माण व्यवासायको प्रमाणपत्र लिने सिलसिलामा देखाइएको जनशक्तिको नामावलीमा रहेको व्यक्तिले १ एक फर्ममा मात्र समावेश हुन पाउने १ भन्दा बढि निर्माण व्यवसायीको जनशक्तिको विवरणमा नामावली देखिएमा इजाजतपत्र दिन वाध्यहुने छैन ।

३) मेशीन र उपकरण

(क) ट्रिपर वा टयाक्टर (एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite वा Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान) (२.५एच. पि. भन्दा माथीको हुनु पर्ने)

(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्यः**

१) उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२) माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातकतहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ ।

३) माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४) पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तरबृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्यहुने छैन ।

५) माथि उल्लेखित यन्त्र उपकरणका विषयमा कार्यपालिकाले आवश्यक ठानेमा यन्त्र उपकरणको अवस्थाको विषयमा विश्वस्त हुन निरिक्षण गर्न सक्नेछ ।